# सम्मानित १९ औ गाउँसभामा श्रद्धय अध्यक्ष श्री परविन गुरुङज्यूद्वारा प्रस्तुत

# नीति तथा कार्यक्रम

## आ.व. २०८३/०८४

स्थानीय सरकार

विहादी गाउँपालिका, पर्वत

विक्रम सवत २०८३ साल असार १० गते बुधवार

**"आदरणीय सभा-उपाध्यक्षज्यू, सभा-सचिवज्यू, आदरणीय सभा-सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीज्यूहरू, सुरक्षाकर्मी मित्रहरू, पत्रकार बन्धुहरू, उपस्थित सम्पूर्ण महानुभावहरू एवं समस्त विहादीवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक स्वागत तथा नमन गर्दछु।"**

आज यस ऐतिहासिक गरिमामय १९ औं गाउँसभाको पवित्र मञ्चबाट विहादी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अगाध गौरव र गौरवमय जिम्मेवारीको अनुभूति भएको छ। पूर्वमा महाशिला र पैंयु गाउँपालिकाको काख, पश्चिममा गुल्मी र बागलुङ जिल्लाको सिमाना, उत्तरमा फलेवास नगरपालिकाको सामिप्यता एवं दक्षिणमा स्याङ्जा र गुल्मी जिल्लाको सामरिक भूगोलसम्म फैलिएको हाम्रो प्यारो विहादी! बाच्छाको बाच्छाखोलादेखि उरामको शिब्दीखोलासम्म; सेतीवेणी, भेडाबारी, पूर्णगाउँ, भतेरपाटा र गेप्ताङ्का पाखा-पखेरा फन्को मार्दै पवित्र शालिग्रामलाई साक्षी राखेर सुस्साउने कालीगण्डकी नदीको सुमधुर लहरले घेरिएको यस पुण्यभूमिका समस्त आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा उच्च सम्मानसहित श्रद्धापूर्ण स्मरण गर्न चाहन्छु ।

यो ऐतिहासिक मार्गचित्र तय गरिरहँदा, देशमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति दिने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, हाम्रो गाउँसभाका सम्मानित एवं जनप्रिय दिवंगत सदस्य स्व. दीपक गुरुङ जस्ता समर्पित जनप्रतिनिधिहरूको निष्ठा र योगदानलाई स्मरण गर्दै उहाँप्रति उच्च आदरका साथ श्रद्धासुमन व्यक्त गर्दछु।

विहादीको जग बसाल्ने अग्रज नेतृत्व, पूर्व जनप्रतिनिधिहरू, र नीति निर्माणको क्रममा आफ्नो अमूल्य सुझाव, परामर्श एवं ऊर्जा प्रदान गर्नुहुने आमाबुवा, बुद्धिजीवी, राजनीतिक दल, कृषक, व्यवसायी, युवा साथीहरू र राष्ट्रसेवक कर्मचारीहरूमा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

हामी विहादीलाई केवल एउटा प्रशासनिक एकाइ मात्र होइन, बल्कि **"शिक्षामा गुणस्तर, स्वास्थ्यमा सहज पहुँच, कृषकलाई उत्पादन, उत्पादनलाई बजार, पशुपालनमा प्रोत्साहन, श्रमिकलाई रोजगारी, स्वरोजगारमा सहजीकरण, शिक्षकलाई जिम्मेवारी, कर्मचारीमा पारदर्शिता र जनतालाई प्रभावकारी सेवा"** दिने एक जीवन्त र उत्तरदायी स्थानीय सरकारको रूपमा स्थापित गर्न कृत संकल्पित छौं।

आर्थिक, सामाजिक र पर्यावरणीय दिगोपनको जगमा उभिएर सुशासन, पारदर्शिता र उत्तरदायित्वको मूल मन्त्र संगाल्दै एउटा समृद्ध र समुन्नत विहादी निर्माण गर्नु हाम्रो साझा लक्ष्य हो। हामी आधुनिक प्रविधिको नवप्रवर्तन र हाम्रो मौलिक पहिचानको गौरवलाई सँगसँगै एकाकार गर्दै अघि बढ्दैछौँ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

आज यस गरिमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामी हाम्रो पाँच वर्षे कार्यकालको अन्तिम वर्षको सुखद मोडमा उभिएका छौँ। विहादीको ऐतिहासिकता र समृद्धिको खोजीमा हामीले विहादीको सम्भावनाको खोजीको जुन संकल्प लिएका थियौँ, आज ती सम्भावनाहरू यथार्थको धरातलमा मुस्कुराइरहेका छन्। सिमित स्रोत र साधनका बीच पनि हाम्रो साझा प्रयास, जनमैत्री र जबाफदेही शासन प्रणालीका कारण विहादीले विकासको एउटा बलियो र अनुकरणीय जग बसाल्न सफल भएको छ। यस अवधिमा हामीले हासिल गरेका ताजा र गौरवपूर्ण उपलब्धिहरूलाई म यस सम्मानित सभासमक्ष संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु:

**१. भौतिक पूर्वाधार र सडक सञ्जालमा अभूतपूर्व क्रान्ति**

- **कालीगण्डकी लोकमार्गको कायापलट:** राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्ग अन्तर्गत विहादी खण्डमा पर्ने करिब १८ किलोमिटर सडक ऐतिहासिक रूपमा कालोपत्रे सम्पन्न भएको छ। योसँगै सेतीखोलामा मोटरयोग्य (मोटरेबल) पुलको निर्माण कार्य सकिएर विहादीवासीको सडक यात्रा मात्र सहज भएको छैन, बल्कि यसले छिमेकी देश चीन र भारतलाई जोड्ने त्रिदेशीय व्यापारिक मार्गमा विहादीलाई एउटा महत्त्वपूर्ण केन्द्रको रूपमा स्थापित गरेको छ।
- **अन्तर-जिल्ला र पालिकास्तरीय क्रस-कनेक्टिभिटी:** कालीगण्डकी नदीमा मोटरयोग्य पुल निर्माण भई छिमेकी जिल्ला गुल्मीको पूर्तिघाटदेखि विहादीको इमीचौर हुँदै विभिन्न सहरहरू जोड्ने सडक सञ्जाल पूर्ण रूपमा सञ्चालनमा आएको छ, जसले गण्डकी र लुम्बिनी प्रदेशको अन्तरसम्बन्धलाई सडक सञ्जालमार्फत अझ प्रगाढ बनाएको छ।
- **आन्तरिक सडकहरूको स्तरोन्नति:** पालिकाको पुरानो सडक खहरेखोलादेखि रानीपानी-बहाकीभञ्ज्याङ हुँदै पैँयु गाउँपालिकाको हुवास बजार जोड्ने सडकको अधिकांश खण्ड निर्माण भइसकेको छ। बाच्छाखोलादेखि उपल्लो बाच्छासम्म, वहाकी भञ्ज्याङदेखि उरामपोखरा (गेप्राङ) जोड्ने सडक, आपलय लामाखर्क सडक र सेतिवेणी चर्काङ सडकका विभिन्न खण्डहरूको निर्माण तीव्र गतिमा अघि बढेको छ ।

बराचौर र रानीपानी वडा कार्यालयदेखि पालिका केन्द्र जोड्ने सडक, ईमिचौर पखराचौर बिरुबारी सडक लगायत अन्य सडकहरूलाई पक्की संरचनामा ढाक्न संघ र प्रदेश सरकारसँगको सहकार्य लोभलाग्दो रहेको छ ।

- **पालिका प्रवेशद्वार निर्माण र पहिचानको स्थापना:** विहादी गाउँपालिकाको ऐतिहासिकता, मौलिकता र भौगोलिक पहिचान झल्कने गरी सुविधायुक्त एवं आकर्षक "पालिका प्रवेशद्वार" (Welcome Gate) को निर्माण कार्य सफलतापूर्वक सम्पन्न चरणमा छ । यो प्रवेशद्वार केवल एउटा भौतिक संरचना मात्र नभई विहादी भित्रिने सम्पूर्ण आगन्तुकहरूका लागि हाम्रो आतिथ्य सत्कार, मौलिक चिनारी र पालिकाको गौरव बढाउने एउटा ताजा एवं ऐतिहासिक सुन्दर कोशेढुङ्गाका रूपमा स्थापित हुनेछ ।
- **'एक घर, एक धारा' र सिँचाइ:** खानेपानीको हाहाकार व्यहोरेका बस्तीहरूमा लिफ्टिङ प्रविधिमार्फत आधा दर्जनभन्दा बढी आयोजनाहरू सञ्चालन गरी पानीको प्यास मेटाइएको छ। खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ पुऱ्याउन लिफ्टिङ सिँचाइका विस्तृत गुरुयोजना (DPR) तयार भई काम अघि बढेका छन् भने सङ्घीय समपूरक कोषमार्फत मुख्य सिचाँई कुलाहरूको निर्माण सम्पन्न हुने चरणमा छ।

**२. कृषि र पशुपालनमा आधुनिकीकरण र आत्मनिर्भरता**

- **'एक घर, एक टनेल' र प्रविधिको प्रयोग:** संघीय विशेष अनुदानमार्फत कृषकहरूलाई ८० प्रतिशत अनुदानमा **'हाईटेक टनेल'** वितरण गरी अर्गानिक तरकारी उत्पादनमा क्रान्ति ल्याइएको छ। परम्परागत कृषिलाई विस्थापित गर्न ५० प्रतिशत अनुदानमा मिनीटिलर, कुटानी-पिसानी मिल, र कटर जस्ता अत्याधुनिक मेसिनरी सामाग्री वितरण गरिएको छ। उत्पादित सामाग्री बजार पुऱ्याउन **'कृषि एम्बुलेन्स'** सेवामार्फत कृषकहरूलाई प्रत्यक्ष आर्थिक लाभ सुनिश्चित गरिएको छ।
- **रैथाने बाली र कृषि क्रान्ति:** विहादीको सानको रूपमा रहेको **'जेठोबुढो धान'** को बीउलाई प्याकेजिङ, ब्रान्डिङ र व्यावसायिक वितरणमा पालिकाले पूर्ण सहयोग गरिरहेको छ। कृषि उत्पादकत्व बढाउन धान, गहुँ, मकै र तरकारीको बीउ एवं फलफूलका बिरुवाहरू नि:शुल्क वितरण गरिएको छ।
- **पशुपालन र अनुदानको लहर:** विहादीलाई दूध र मासुमा पूर्ण आत्मनिर्भर बनाउन उन्नत गाई-भैँसी खरिदमा अनुदान, दूध ढुवानीमा अनुदान, गोठ (भकारो) सुधार कार्यक्रम, र हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ। पूर्ण खोप अभियानमार्फत महामारी नियन्त्रण र गाउँमै नि:शुल्क प्राविधिक र औषधिको व्यवस्थाले पशुपालक कृषकहरूको दैनिक उज्यालो बनेको छ ।

### ३. शैक्षिक सुधार, स्वास्थ्य र सामाजिक सुरक्षा

- **शैक्षिक रूपान्तरण र दक्षता:** विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा विद्यालयहरूको सफल समायोजन (Merge) र विद्यालयहरूको कक्षा घटुवा (Downsize) गरी शैक्षिक गुणस्तर चुस्त बनाइएको छ। कक्षा ८ सम्म नि:शुल्क दिवा खाजाको गुणस्तरीय व्यवस्थापन गरिएको छ भने विद्यालयहरूमा 'जङ्क फुड' पूर्ण प्रतिबन्ध गरी बाल स्वास्थ्यमा सुधार ल्याइएको छ।
- **युवा सशक्तीकरण, निःशुल्क तयारी कक्षा र सरकारी सेवामा ऐतिहासिक सफलता:** हाम्रो आफ्नै गौरवमय पहलमा युवाहरूलाई राष्ट्रिय सेवा र प्रशासनिक मूलधारमा जोड्न पालिकाद्वारा सञ्चालित **"निःशुल्क लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा"** कार्यक्रमले ऐतिहासिक र अभूतपूर्व सफलता हासिल गरेको छ । स्थानीय प्रतिभाहरूलाई गाउँमै बसेर उत्कृष्ट तयारी गर्ने वातावरण र प्रबन्ध मिलाउने उद्देश्यका साथ सञ्चालित यस गरिमामय कार्यक्रमको ठोस जगमा हाम्रा कैयौँ लगनशील र जेहेन्दार सहभागी युवाहरू सरकारी सेवा निजामती प्रशासन र शैक्षिक क्षेत्रमा प्रवेश गर्न सफल हुनुभएको छ। विहादीको मानव संशाधनलाई राष्ट्र निर्माणको नेतृत्वदायी भूमिकामा स्थापित गराउने यो हाम्रो कार्यकालको सबैभन्दा प्रिय, ताजा र दूरगामी महत्त्वको गौरवपूर्ण उपलब्धि हो ।
- **अत्याधुनिक स्वास्थ्य र डिजिटल सेवा:** पालिका अस्पतालको अत्याधुनिक भवन निर्माण कार्य सञ्चालनमा छ। वहाकीठाँटी स्वास्थ्य चौकीमा आँखा उपचार केन्द्र सञ्चालनमा छ। संस्थागत सुत्केरी बढाउन र मातृ-शिशु स्वास्थ्य सुरक्षाका लागि **'सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम'** मार्फत पोषण भत्ता र नि:शुल्क एम्बुलेन्स (रिफरल) सेवा प्रवाह गरिएको छ। कुपोषण न्यूनीकरणका लागि **'ओटीसी सेन्टर'** र 'सुनौलो हजार दिनका आमाहरू' लक्षित पोषण कार्यक्रमहरू सञ्चालनमा छन्।
- **प्रशासनिक सुधार र डिजिटल विहादी:** विहादीले प्रशासनिक क्षेत्रमा ठुलो फड्को मार्दै डिजिटल भिलेज प्रोफाइल (Digital Village Profile), डिजिटल नागरिक बडापत्र, मध्यकालीन खर्च संरचना र आवधिक योजना निर्माण गरी सुशासनको नयाँ नमुना प्रस्तुत गरेको छ।
- **सहज सामाजिक सुरक्षा र शान्ति सुरक्षा:** नागरिकहरूको सहजताका लागि सामाजिक सुरक्षा भत्ता वडाहरूबाटै वितरण गर्ने प्रबन्ध मिलाइएको छ। जेष्ठ नागरिकहरूको नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम र बृहत स्वास्थ्य शिविर कार्यक्रम निरन्तर जारी छ। विहादीका मुख्य बजार, बस्ती र चोकहरूमा सुरक्षाका लागि सीसीटीभी क्यामरा र सडक बत्ती को सुव्यवस्थित सुरुवात गरिएको छ ।

- **पालिका र वडागत प्रशासनिक संरचना सम्पन्नता:** "नागरिकको आँगनमा सरकार" भन्ने मूल नारालाई चरितार्थ गर्दै हामीले पालिका र सबै वडाहरूको संस्थागत र भौतिक संरचना निर्माण कार्यलाई पूर्णता दिएका छौँ। आफ्नै सुविधायुक्त भवन, आवश्यक दक्ष जनशक्ति र आधुनिक सूचना प्रविधिको जडानसँगै अब हाम्रा सबै वडा कार्यालयहरू नागरिकलाई छिटो, छरितो र पारदर्शी सेवा प्रवाह गर्न पूर्ण रूपमा सक्षम र सम्पन्न भएका छन् । सिंहदरबारको अधिकार साँच्चिकै गाउँ-गाउँ र वडा-वडामा पुगेको अनुभूति नागरिकले गर्न थालेका छन् ।

**४. उद्यमशीलता, सीप विकास र स्थानीय रोजगार**

- **सीपमूलक तालिमहरूको लहर:** स्थानीय युवा र महिलाहरूलाई स्वरोजगार बनाउन पालिकाले उद्घोषण कला, होजियारी, बेकरी, र बाँसजन्य सामग्री निर्माण (बाँस प्रशोधन) सम्बन्धी आधुनिक तालिमहरू सफलतापूर्वक सम्पन्न गरेको छ । परम्परागत पेसालाई सम्मान गर्दै आरन सुधार, साबुन, सरफ, हर्पिक, फिनेल, अगरबत्ती, र मैनबत्ती उत्पादन गर्ने व्यावसायिक तालिमहरू प्रदान गरिएको छ। साथै डकर्मी र इलेक्ट्रिसियन जस्ता प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्य निरन्तर भइरहेका छन् ।
- **मूर्तरूप लिँदै उद्योग ग्राम र ब्रान्डिङ:** विहादीमा **'उद्योग ग्राम'** को प्रयोग द्रुत गतिमा अघि बढिरहेको छ, जसले आगामी दिनमा लगानीकर्ताहरूलाई आकर्षित गरी रोजगारी र स्वरोजगारीको सङ्ख्या थप गर्नेछ। रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारका लागि श्रम स्वीकृति फाराम भर्ने कार्यलाई सरलीकृत गरिएको छ भने 'सुरक्षित आप्रवासन (सामी) कार्यक्रम' सुरु गरिएको छ। मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय उत्पादन, विशेषगरी **'कोदोको लोकल रक्सी'** को प्रयोगशाला स्थापना, ब्रान्डिङ, लेबलिङ र कानुनी बजारीकरणको प्रक्रिया अगाडि बढाइएको छ ।
- **बाँस प्रशोधन केन्द्र स्थापना र हरित उद्यमशीलताको उदय:** स्थानीय कच्चा पदार्थको समुचित प्रयोग, दिगो वातावरण संरक्षण र ग्रामीण अर्थतन्त्रको जग बलियो बनाउने रणनीतिक उद्देश्यका साथ हाम्रो कार्यकालमा "बाँस प्रशोधन तथा सामग्री उत्पादन केन्द्र" को स्थापना कार्य सफलतापूर्वक सम्पन्न भएको छ । स्थानीय स्तरमै उपलब्ध बाँसको व्यावसायिक प्रशोधन गरी आधुनिक निर्माण सामग्री र हस्तकलाका सामानहरू उत्पादन गर्न सुरु गरिएको यो केन्द्र विहादीका कृषक तथा नवउद्यमीहरूको दिगो आयआर्जन र आर्थिक रूपान्तरणका लागि एउटा ताजा र गौरवपूर्ण ऐतिहासिक उपलब्धिको रुपमा लिएको छ ।

**५. साहसिक खेल, संस्कृति र धार्मिक पर्यटनको उत्थान**

- **विश्वकै ठुलो शालिग्राम शिला र त्रिमूखी पुल:** वडा नं. ६ सेतीवेणीमा अवस्थित विश्वकै ठुलो धार्मिक धरोहर **'शालिग्राम शिला'** को संरक्षण र प्रवर्द्धनको पहल गरिएको छ। पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सङ्गमस्थल सेतीवेणी कालीगण्डकी नदीमाथि ऐतिहासिक **'तीन मुखे झोलुङ्गे पुल'** निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) पूर्ण रूपमा तयार भई योजना प्रकृयामा छ। गुफा, मन्दिर, पार्क लगायत विशिष्ट पर्यटकीय सम्पदाहरूको प्रचार-प्रसार गरी आन्तरिक पर्यटनको ढोका खोलिएको छ।
- विहादी-५ लुङरिङ डाँडामा गरिएको **प्यारागलाइडिङको परीक्षण उडान** सफलतापूर्वक सम्पन्न भएको छ। यसले विहादीलाई साहसिक खेल पर्यटनको नयाँ हब बनाउने निश्चित छ। आन्तरिक पाहुनाहरूको न्यानो सत्कारका लागि सामुदायिक होम-स्टे प्रवर्द्धनका कार्यक्रमहरूले स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याएका छन्।
- युवाहरूको मनोबल उच्च राख्न **'गाउँपालिका अध्यक्ष कप'** र **'राष्ट्रपति रनिङ शिल्ड'** जस्ता खेलकुद प्रतियोगिताहरू नियमित सञ्चालन गरिएका छन् । पालिकास्तरीय साफचौर खेलमैदान, ईमिचौर पिसपार्क, दुर्लाङ सहित स्मृति पार्क र खेलमैदान लगायत वडास्तरका खेलमैदानहरूको स्तरोन्नति गरिएको छ।

**६. न्यायिक सक्रियता र नागरिक सम्मान**

- अन्यायमा परेका नागरिकहरूलाई ढिलो र झन्झटिलो प्रक्रिया बिना नै न्याय दिलाउन उपाध्यक्षको संयोजकत्वमा रहेको **न्यायिक समिति** पूर्ण रूपमा सक्रिय र निष्पक्ष रूपमा क्रियाशील छ। गाउँ-गाउँमा न्यायिक सचेतना र आपसी मेलमिलापको नीतिलाई प्राथमिकता दिइएको छ।
- विहादीको समग्र विकासमा योगदान दिने र मनोबल उच्च राख्ने उद्देश्यका साथ पालिकाले **'शिक्षक-विद्यार्थी सम्मान'**, र पसिनाको कदर गर्दै **'कृषक सम्मान'** जस्ता रचनात्मक कार्यक्रमहरू सञ्चालन गरी नागरिक र सरकारबीचको सम्बन्धलाई भावनात्मक रूपमा एकाकार गरेको छ।

कालीगण्डकीको काखमा अवस्थित, ऋषिमुनिहरूको पवित्र तपोभूमि र देवभूमिका रूपमा परिचित हाम्रो विहादी आज प्रकृतिको सौन्दर्य र मानव निर्मित पूर्वाधारको स्वर्ण सङ्गम बनेको छ। पाँच वर्ष अगाडि निर्वाचनका बखत हामीले जनतासामु गरेका प्रतिबद्धताहरू सीमित स्रोत र साधनका बाबजुद पनि करिब-करिब पूर्णताको दिशामा पुगेका छन्। कार्यपालिका बैठक र गाउँसभाहरूमा प्रदर्शन गरिएको अभूतपूर्व एकता, आपसी समन्वय, र सह-अस्तित्वको भावना नै हाम्रो सफलताको मूल कडी हो। आज विहादी केवल पर्वत जिल्लाको एउटा कुना मात्र होइन, सिंगो देशकै एउटा समृद्ध, आत्मनिर्भर र अनुकरणीय स्थानीय सरकारको रूपमा शिर ठाडो पारेर उभिएको छ।

आदरणीय सभा सदस्यज्यूहरू, हाम्रा यिनै ऐतिहासिक र ताजा उपलब्धिका बलिया जगहरूमा टेकेर, अब म हाम्रो यस कार्यकालको अन्तिम वर्ष आर्थिक वर्ष २०८३/०८४ का लागि विहादीलाई अझै नयाँ उचाइमा पुऱ्याउने क्षेत्रगत विस्तृत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकास**

**१. कृषि**

- प्रत्येक वडामा **"एक घर, एक करेसाबारी: एक हाईटेक टनेल"** कार्यक्रम अन्तर्गत अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्न २ करोड १६ लाख बराबरको आधुनिक हाईटेक टनेलको वितरण गरिनेछ । यसले कृषकलाई वर्षभरि तरकारी उत्पादन गर्न सहज बनाउनेछ र स्थानीय उत्पादनमा आत्मनिर्भरता बढाउनेछ ।
- **"स्थानीय सरकारको साझेदारी, बाझोँ रहन्न खेतबारी"** कार्यक्रममार्फत कृषकहरुलाई आवश्यक ५०% अनुदानमा कृषि यन्त्र वितरण साथै सिँचाई सुविधा र प्राविधिक सहयोग उपलब्ध गराइनेछ । उत्पादनको ढुवानी र बिक्रीमा सहजता ल्याई कृषकलाई सिधा बजारसँग जोड्न कृषि एम्बुलेन्स सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- कृषि उत्पादनको ह्रास रोक्न र व्यवस्थित भण्डारणका लागि वडा नं. ३ मा **बृहत् चिस्यान केन्द्र (Cold Storage)"** को अवधारणा अन्तर्गत निर्माण कार्य सम्पन्न गरी यसै वर्षदेखि व्यवस्थित रूपमा सञ्चालनमा ल्याइनेछ, वडा नं. १ बाच्छा र वडा नं. ५ उराममा आधुनिक चिस्यान केन्द्र निर्माण कार्यको विधिवत् थालनी गरिनेछ, जसले स्थानीय कृषकहरूलाई आफ्ना उत्पादनको उचित मूल्य प्राप्त गर्न र बेमौसमी बजारको लाभ लिन ठुलो टेवा पुऱ्याउनेछ ।
- कृषकहरूको उत्पादन क्षमता वृद्धि गर्न र समावेशी तरकारी खेती प्रवर्द्धनका लागि निःशुल्क वा अनुदानमा उन्नत तरकारी बीउ र फलफूलका बिरुवा वितरण गरिनेछ । पानीको कम खपतमा बढी उत्पादन लिन थोपा सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ भने पर्यावरणमैत्री कृषिका लागि जैविक विषादी र ट्र्याप वितरण कार्यक्रमलाई व्यापक बनाइनेछ ।
- आधुनिक प्रविधि जस्तै **GIS र रिमोट सेन्सिङ्ग (Remote Sensing)** को प्रयोग गरी पालिकाभित्रको कृषि तथ्याङ्क सङ्कलन, भूमिको वर्गीकरण र कृषि सम्भाव्यताको डिजिटल व्यवस्थापन गर्दै यसलाई नीतिगत निर्णयमा उपयोग गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- मागका आधारमा मौसमी र बेमौसमी तरकारी खेती सम्बन्धी सीपयुक्त तालिम प्रदान गरी त व्यावसायिक कृषि उद्यमीहरू तयार पारिनेछ। कृषकहरूको सामाजिक र आर्थिक सुरक्षाका लागि स्थापित **कृषक कल्याणकारी बचत कोष कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- कृषकहरूको लगानीको सुरक्षा र जोखिम न्यूनीकरणका लागि निःशुल्क बाली बिमाको सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । कृषि क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने उत्कृष्ट कृषकहरूलाई गाउँपालिकाको तर्फबाट विशिष्ट परिचयपत्र प्रदान तथा सम्मान गरिनेछ।
- कृषकको श्रमलाई आधुनिक बनाउन मल्चिङ प्लास्टिक, स्प्रेयर, सिकेचर, क्यारेट र बालीको सन्तुलित विकासका लागि सूक्ष्म पोषकतत्व वितरण कार्यक्रमलाई तीव्रता दिइनेछ।
- कृषि क्षेत्रमा अहोरात्र खटिने अगुवा कृषकहरूको मनोबल बढाउन विभिन्न कृषि दिवसहरूमा विशेष सम्मान कार्यक्रम आयोजना गरिनेछ। कृषकहरूलाई आधुनिक कृषि विधि र प्रविधिबारे नियमित परामर्श सेवा प्रदान गरिनेछ भने कृषि विकासमा अनुभव आदान–प्रदान र साझा कार्यक्रम सञ्चालनका लागि अन्तर-पालिका समन्वय कार्यक्रम अघि बढाइनेछ।
- विद्यालय स्तरदेखि नै माटो, श्रम र उत्पादनप्रति नयाँ पुस्तामा रुचि, आदर र आकर्षण जगाउन **“दिवा खाजा खाऊँ ताजा”** कार्यक्रम लाई थप प्रभावकारी बनाइनेछ । यस अन्तर्गत विद्यार्थीहरूलाई विद्यालयमा ताजा, पोषिलो र स्वच्छ स्थानीय खाजा सुनिश्चित गर्न **'एक विद्यालय, एक करेसाबारी तथा च्याउ उत्पादन कार्यक्रम'** लाई विशेष अभियानका रूपमा सञ्चालन गरिनेछ। यस कार्यक्रम मार्फत विद्यालयका करेसाबारीमा उत्पादित ताजा, हरियो तरकारी र च्याउलाई विद्यालयको दिवा खाजामा अनिवार्य रूपमा जोडी बालबालिकाको पोषण र स्वास्थ्य स्तरमा सुधार ल्याइनेछ।
- विहादी गाउँपालिकालाई तरकारी उत्पादनमा पूर्ण रूपमा आत्मनिर्भर बनाउँदै विशिष्ट पहिचान स्थापित गरिनेछ । व्यावसायिक तरकारी खेती गर्ने कृषकहरूलाई प्रोत्साहन गर्न, उत्पादकत्व बढाउन र बजार सुनिश्चितताका लागि **"तरकारी पकेट विकास कार्यक्रम"** लाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- नागरिकको खाद्य सुरक्षाको प्रत्याभूति गराउनु स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको तथ्यलाई आत्मसाथ गर्दै विहादीलाई मुख्य खाद्यान्न बालीहरू (धान र गहुँ) मा आत्मनिर्भर बनाइनेछ।

- उत्पादकत्वमा वृद्धि ल्याउन र परम्परागत कृषिलाई आधुनिकीकरण गर्नका लागि **"खाद्यान्न बालीको उन्नत बीउ उपयोग अनुदान कार्यक्रम"** लाई उच्च प्राथमिकताका साथ सञ्चालनमा ल्याइनेछ।

## २. पशु विकास

- युवाहरूलाई पशुपालनमा आकर्षित गरी व्यावसायिक र आत्मनिर्भर बनाउन **"उत्पादनमा आधारित अनुदान"** कार्यक्रम लागू गरिनेछ । यस अन्तर्गत उन्नत जातको गाई-भैँसी खरिदमा अनुदान, भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ । दुग्ध उत्पादक कृषकहरूलाई प्रोत्साहन स्वरूप सहकारीहरू मार्फत दूध ढुवानीमा प्रति लिटर रु. ७.५० (सात रुपैयाँ पचास पैसा) विशेष सहुलियत अनुदान व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- **"प्रविधिको प्रयोग, पशुपालनमा सहयोग"** कार्यक्रम अन्तर्गत व्यावसायिक कृषकको कार्यलाई सहज बनाउन आधुनिक घाँस काट्ने मेसिन वितरण गरिनेछ ।
- विहादीको जैविक विविधता र ग्रामीण पशुपालनको मौलिकता जोगाउन स्थानीय जातका लोकल गाईको संरक्षण, प्रवर्द्धन र पुनरुत्पादनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत कृषिको मेरुदण्डका रूपमा रहेका हलगोरु पालन गर्ने कृषकहरूको संरक्षण र प्रोत्साहनका लागि प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु सम्पदाको स्वास्थ्य सुरक्षाका लागि विकट बस्तीहरू सम्म निःशुल्क पशु स्वास्थ्य शिविर तथा औषधि वितरण कार्यक्रम सञ्चालन गरिनेछ । पशु रोग निदान सेवालाई अत्याधुनिक र भरपर्दो बनाउन पशु ल्याब व्यवस्थापन र आवश्यक प्रयोगशाला सामग्रीहरू खरिद गरिनेछ। महामारीजन्य रोगहरूको निःशुल्क उपचार गरी किसानको आर्थिक भार घटाइनेछ। पशुको नश्ल सुधार कार्यक्रम, पशुपक्षी दर्ता, अभिलेखीकरण र पशु बिमा कार्यक्रमलाई दिगो बनाइनेछ ।
- पशुहरूमा लाग्ने महामारी र कीरा नियन्त्रणका लागि **"पशुको पूर्ण खोप"** अभियानलाई पालिकाभर व्यापक रूपमा लागू गरिनेछ। सामुदायिक छाडा कुकुरहरूबाट सर्ने रेबिज जस्ता घातक रोग न्यूनीकरणका लागि व्यापक रूपमा रेबिज खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३. नवप्रवर्द्धन उद्यम, सिप तथा रोजगार सेवा

- स्थानीय पूर्वाधार निर्माणसँगै समुदायस्तरमै रोजगारी सिर्जना गर्ने उद्देश्यले **'पूर्वाधार विकास तथा रोजगार साझेदारी आयोजना'** सञ्चालन गरिनेछ। राष्ट्रिय रोजगार कार्यक्रमलाई पालिकाको साझेदारीमा प्रभावकारी रूपमा लागू गरी बेरोजगार युवाहरूलाई रोजगारीको अवसर र श्रमिकहरूलाई व्यावसायिक सीप विकासका लागि गुणस्तरीय तालिम प्रदान गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र सम्मानजनक बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत जनप्रतिनिधि र समुदायस्तरमा अभिमुखीकरण गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका आप्रवासी कामदार तथा तिनका परिवारको आर्थिक-सामाजिक पुनः एकीकरणका लागि संघ, प्रदेश सरकार र वैदेशिक रोजगार बोर्डसँग समन्वय र लागत साझेदारी गरिनेछ। यस अन्तर्गत वैदेशिक रोजगारीमा जानेहरूका लागि आवश्यक पूर्वतयारी, सूचना प्रवाह, श्रम संसार, परामर्श प्रणाली र पुनः स्वीकृति कार्यक्रमलाई व्यवस्थित बनाइनेछ। फर्किएका जनशक्तिलाई सीपका आधारमा स्वरोजगार कार्यक्रमहरूमा प्राथमिकता दिँदै उद्यम स्थापना सहयोगका लागि पहल गरिनेछ।
- स्थानीय स्तरमा साना तथा लघु समूह गठन गरी व्यावसायिक र सीपमूलक तालिमहरू प्रदान गरिनेछ। तालिम प्राप्त जनशक्तिलाई उद्यमी बनाउन प्रविधि हस्तान्तरण, बजार पहुँच र वित्तीय सहयोग सुनिश्चित गरिनेछ । स्थानीय सीप र उद्यम संरक्षणका लागि चप्पल बनाउने तालिम, अर्गानिक अचार बनाउने तालिम, आरन मर्मत सुधार, र माटाका भाँडाकुँडा निर्माण तालिम प्रदान गरी उत्पादित सामाग्रीहरूको बजारीकरण गरिनेछ।
- "**कोशेली घरमार्फत स्थानीय पहिचानको प्रवर्द्धन"** भन्ने मूल ध्येयका साथ पालिका भित्र उत्पादित रैथाने सामग्रीहरू, हस्तकला, कृषि उपज तथा स्थानीय इतिहास, संस्कृति, कानुन, नीति तथा साहित्य झल्काउने पुस्तकहरूको एकीकृत सङ्कलन एवं प्रवर्द्धनका लागि एक सुविधायुक्त **"कोशेली घर"** सञ्चालनमा ल्याइनेछ । यसले स्थानीय उद्यमी र लेखकहरूको सिर्जनालाई बजारसँग जोड्दै विहादी घुम्न आउने आगन्तुकहरूका लागि पालिकाको मौलिक चिनारी र ज्ञान भण्डार सङ्कलन गर्ने एउटा साझा केन्द्रका रूपमा काम गर्नेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न आयोजना तथा विकास कार्यहरूमा स्थानीय श्रम र जनसहभागितालाई पहिलो प्राथमिकता दिइनेछ। विहादीलाई **बालश्रम मुक्त पालिका** घोषणा गर्न आवश्यक कानुनी र व्यावहारिक वातावरण निर्माण गरिनेछ।
- नवप्रवर्तनशील सोच, नवीन सीप र स्पष्ट आर्थिक योजना भएका युवाहरूलाई स्थानीय स्तरमै उद्यमशीलता विकास गर्न प्रोत्साहित गर्दै **'विहादी स्टार्टअप च्यालेञ्ज'** कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत बीउ पूँजी तथा स्वरोजगार सहायता मार्फत उत्कृष्ट छनोट भएका युवा उद्यमीहरूलाई बीउ पूँजी, सीप अभिवृद्धि तालिम, प्राविधिक मार्गदर्शन तथा व्यवसाय सहजीकरण सेवा प्रदान गरिनेछ ।
- स्थानीय स्रोतमा आधारित घरेलु तथा साना उद्योगहरूको संरक्षण गरिनेछ। स्थानीय स्तरमा परम्परागत रूपमा उत्पादित स्थानिय पेयपदार्थलाई कानुनी दायराभित्र ल्याई अर्थोपार्जनको माध्यम बनाउन प्रोत्साहन गरिनेछ, जस अन्तर्गत विहादीको पहिचानका रूपमा **"स्थानिय पेयपदार्थ अथार्त लोकल रक्सी ब्रान्डिङ कार्यक्रम'** को पहललाई निरन्तरता दिईनेछ । उत्पादित सामग्रीको गुणस्तर मापनका लागि आधुनिक परीक्षण प्रयोगशाला स्थापना र उद्यमशीलता तालिमलाई अगाडि बढाइनेछ ।
- विहादीमा प्रचुर मात्रामा उपलब्ध बाँस र चोया जस्ता प्राकृतिक स्रोतको औद्योगिक उपयोगका लागि बाँस प्रशोधन तथा सामाग्री उत्पादन केन्द्रको व्यवस्थापन र उत्पादन तालिमलाई निरन्तरता दिईनेछ । औद्योगिक ग्राम विकास तथा साझेदारी र **'नवप्रवर्द्धन कोषको निरन्तरता'** मार्फत साना तथा लघु उद्यमीहरूको जग बलियो बनाइनेछ ।
- स्थानीय स्तरमा उत्पादित विभिन्न घरेलु तथा लघु उद्यमका सामग्रीहरूलाई बजार प्रतिस्पर्धी, आकर्षक र उपभोक्तामैत्री बनाउन स्थानिय कच्चा पदार्थमा आधारित लघु उद्यम उत्पादनको ब्रान्डिङ, लेबलिङ र प्याकेजिङमा सहजीकरण गरिनेछ । यसबाट स्थानीय उत्पादनहरूको विशिष्ट ब्रान्डिङ भई विहादीको उत्पादनले राष्ट्रिय बजारमा गौरवका साथ आफ्नो स्थान सुरक्षित गर्नेछ।
- कृषि समूह, निजी फर्म र सहकारीहरूको क्षमता विकास, नियमित दर्ता, अनुगमन र नियमन गरी उनीहरूलाई कार्यप्रति उत्तरदायी बनाइनेछ। लगानीमैत्री वातावरण सिर्जना गर्न करको दरमा छुट र आवश्यक प्रशासनिक सुधार गरिनेछ । उपभोक्ताहरूको अधिकार संरक्षणका लागि दैनिक आवश्यक वस्तुहरूको बजार मूल्य र गुणस्तरको नियमित अनुगमन गरी नागरिकलाई राहत दिने व्यवस्था मिलाइनेछ ।

## ख) सामाजिक विकास

### १. स्वास्थ्य

- **"विहादी बन्दै छ, नागरिकलाई सन्चै छ"** कार्यक्रम अन्तर्गत गाउँपालिकाका गरिबीको रेखामुनि रहेका दलित, सीमान्तकृत तथा लोपोन्मुख वर्गका ज्येष्ठ नागरिक, स्थानीयवासी र नागरिकहरूका लागि **विशेष र बृहत स्वास्थ्य शिविर**को व्यवस्था गरिनेछ ।
- नागरिकको स्वास्थ्य सेवामा सहज र गुणस्तरीय पहुँच सुनिश्चित गर्न गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा MBBS डाक्टरको दरबन्दी सिर्जना गरी पदपूर्ति गरिनेछ। यसले स्थानीय स्तरमै आपत्कालीन र आधारभूत विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न थप मद्दत पुऱ्याउनेछ ।
- ग्रामीण भेगमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न गर्भवती महिलालाई मोबाईल अल्ट्रासाउन्ड सेवा, ल्याब सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- औषधि तथा आवश्यक उपकरणहरूको आपूर्तिलाई निरन्तरता दिँदै परिवारको स्वास्थ्य अवस्थाको निरन्तर सुधार र व्यवस्थापनका लागि **'परिवार स्वास्थ्य प्रोफाइल'** अद्यावधिक गरिनेछ। न्यूनतम सेवा मापदण्ड पूरा गर्न आवश्यक सामग्री खरिद गरी स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूमा **२४ घन्टे प्रसूति सेवा** प्रभावकारी रूपमा सञ्चालन गराई घरमै हुने प्रसूतिलाई शून्यमा झार्दै आमा र शिशुको जीवन सुरक्षा प्रवर्द्धन गरिनेछ। **"सुत्केरीसँग उपाध्यक्ष"** कार्यक्रम अन्तर्गत प्रसूति भएका महिलाहरूलाई पोषणसम्बन्धी प्रोत्साहन र भत्ता दिइनेछ ।
- मातृ तथा नवशिशु मृत्युदर घटाउन सुत्केरी महिलाहरूको **PNC गृह भ्रमण** अनिवार्य र प्रभावकारी बनाइनेछ।
- वडा भित्रका सबै बालबालिकाहरूको पोषण स्थिति नियमित रूपमा स्क्रीनिङ गरी आवश्यक उपचार र परामर्श प्रदान गरिनेछ। **"सुनौलो हजार दिनका आमा"** तथा ५ वर्ष मुनिका बालबालिका र किशोरीहरूको पोषण सुधारका योजनालाई विस्तृत बनाइनेछ । स्थानीय स्तरमै आँखाको उपचार सुनिश्चित गर्न आँखा उपचार केन्द्रको व्यवस्था, सञ्चालन र प्रवर्द्धन गरिनेछ । शिशु तथा बालबालिकामा स्वास्थ्य सेवाको पहुँचका लागि उराममा स्वास्थ्य एकाई निर्माण र खोप केन्द्रको पूर्वाधार निर्माणका लागि पहल गरिनेछ । बालबालिकाहरूलाई पूर्ण खोप उपलब्ध गराएर **"पूर्णखोप सुनिश्चित पालिका"** घोषणा गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- समुदायमा मानसिक स्वास्थ्य सुधार र सुदृढीकरणका **लागि मनोसामाजिक परामर्शकर्ता सेवा** प्रदान गरिनेछ । किशोर-किशोरीहरूको प्रजनन स्वास्थ्य सुधारका लागि लक्षित शिक्षा, परामर्श र सेवाहरू प्रदान गरिनेछ ।
- स्वास्थ्यकर्मीहरूको दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम र सहयोगका लागि संघीय, प्रदेश सरकार र सहयोगी संस्थाहरू सँग समन्वय गरिनेछ। क्षयरोग, मलेरिया, हात्तीपाइला लगायतका संक्रामक रोगहरूलाई राष्ट्रिय प्रोटोकल अनुसार नियन्त्रणमा राखिनेछ । आयुर्वेद उपचार पद्धति र योग अभ्यासलाई प्रोत्साहन गरिनेछ ।
- वृद्धवर्ग र विपन्न वर्गका मुटु, मृगौला, क्यान्सर जस्ता गम्भीर रोग लागेका नागरिकहरूलाई निःशुल्क उपचार तथा आर्थिक सहयोग प्रदान गरिनेछ। सुत्केरी, गर्भवती महिला, नवजात शिशु र ज्येष्ठ नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्न आर्थिक सहयोग र व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।
- गाउँको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने महिला स्वास्थ्य स्वयंसेविकाहरूको आत्मसम्मान वृद्धि र हौसलाका लागि विशेष प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## २. शिक्षा तथा खेलकुद

- युवाहरूलाई प्रशासनिक मूलधारमा जोड्न पालिकाद्वारा सञ्चालित निःशुल्क तयारी कक्षाको जगमा कैयौँ स्थानीय युवाहरू सरकारी सेवा निजामती र शैक्षिक क्षेत्र मा प्रवेश गर्न सफल भइसक्नुभएको छ। यसै ताजा र गौरवपूर्ण उपलब्धिलाई आत्मसात् गर्दै आगामी वर्ष पनि **"विहादीको साथ - शिक्षा र सेवामा युवाको हात"** कार्यक्रम अन्तर्गत निःशुल्क लोक सेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरूको सञ्चालनलाई निरन्तरता दिइनेछ।
- **"अब्बल नतिजा होस्, जीवनोपयोगी शिक्षा बनोस्"** कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धिलाई गुणात्मक रूपमा वृद्धि गरिनेछ । विद्यालयहरूमा विद्यार्थीहरूलाई अधिकतम अङ्कका साथ उत्तीर्ण गराउन र शिक्षण सिकाइमा नवप्रवर्तनशील शैली अपनाउन अहोरात्र खटिने सफल एवं उत्कृष्ट शिक्षकहरूलाई विशेष सम्मान, पुरस्कार तथा प्रोत्साहन प्रदान गरिनेछ, जसले शिक्षक वर्गमा थप ऊर्जा, जिम्मेवारीबोध र स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गर्नेछ।

- पालिका भित्रको एकमात्र सामुदायिक क्याम्पस वहाकी सामुदायिक क्याम्पस लगायत अन्य विद्यालयहरूको जीवनोपयोगी, प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थापनमा आर्थिक तथा भौतिक सहायता प्रदान गरिनेछ।
- आधारभूत तह कक्षा ३, ५ र ८ को परीक्षा तथा वार्षिक सिकाइ उपलब्धि परीक्षालाई स्तरीकृत बनाउन प्रश्नपत्र निर्माण, विश्लेषण र नतिजा-आधारित कार्यशाला सञ्चालन गरिनेछ। कक्षा १-३ मा पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिनेछ। विहादीकोमाटो र मौलिकता सुहाउँदो स्थानीय पाठ्यपुस्तक परिमार्जन गरी पाठ्यक्रम प्रकाशन गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- **“बालबालिकामा लगानी, राष्ट्रको भविष्यको कहानी”** कार्यक्रम अन्तर्गत स्थानीय उत्पादनमा आधारित रही कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूका लागि दिवा खाजा व्यवस्थापनमा विशेष अनुदान प्रदान गरिनेछ । बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूलाई थप तलब अनुदान प्रदान गरी उनीहरूको मनोबल र सेवाको गुणस्तर वृद्धि गरिनेछ । विद्यालयहरूमा बाल कक्षा र केजी कक्षाका लागि भौतिक तथा शैक्षिक अनुदान प्रदान गरिनेछ।
- शिक्षण-सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै विद्यालयगत तथ्याङ्क अभिलेखीकरण व्यवस्थित गर्न शिक्षकहरूलाई ICT/IEMIS तालिम प्रदान गरिनेछ। डिजिटल शिक्षा प्रवर्द्धनका लागि विद्यालयहरूमा ICT मा आधारित SMART BOARD जडान कार्यक्रम विस्तार गरिनेछ । कम उपलब्धि भएका विषयका शिक्षकहरूका लागि पेसागत क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।
- अंग्रेजी माध्यम सुधार र विद्यार्थीहरूको क्षमता विकासका लागि अतिरिक्त कक्षा र विशेष प्रशिक्षणको व्यवस्था गरिनेछ। विज्ञान प्रयोगशालाहरूलाई थप व्यवस्थित गरिनेछ।
- विद्यालयहरूमा नर्स परिचालन गरी प्राथमिक उपचार र स्वास्थ्य सचेतनाका कार्यक्रमहरू अघि बढाइनेछ। किशोरीहरूको स्वास्थ्य रक्षाका लागि निःशुल्क सेनेटरी प्याड वितरण गरिनेछ।
- **"सबै बालबालिका विद्यालयमा"** भन्ने लक्ष्यका साथ विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना अभियान मार्फत शतप्रतिशत शिक्षाको पहुँचमा ल्याइनेछ। कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिनेछ। विद्यालय नजाने विद्यार्थीहरुका अभिभावकहरूलाई पालिकाबाट प्रवाह हुने आवश्यक सेवा सुविधाबाट वञ्चित

गर्ने नीति लिइनेछ भने विद्यालय शान्ति क्षेत्र उल्लङ्घन गर्नेलाई कानुनी कारबाही गरिनेछ । सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ ।

- युवा ऊर्जाको विकास, सामाजिक एकता र प्रतिभा प्रवर्द्धनका लागि **" विहादी गाउँपालिका अध्यक्ष कप"** खेलकुद समारोह आयोजना गरिनेछ, जसमा क्रिकेट खेललाई विशेष प्राथमिकता दिइनेछ । खेलमैदानहरूको निर्माण र स्तरोन्नतिका लागि विशेष पहल गरिनेछ । खेलकुद क्लब, सङ्घ-संस्था र खेल समितिहरूको संस्थागत व्यवस्थापन गरिनेछ ।
- **"विहादीको इच्छा- प्रतिभाको रक्षा"** कार्यक्रम अन्तर्गत विद्यालयस्तरीय खेलकुद प्रतिभाको पहिचान, विकास र प्रोत्साहनका लागि **'राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता'** भव्य रूपमा सञ्चालन गरिनेछ । साथै, प्रत्येक हप्ता **"फ्राईडे फर फ्युचर"** कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा पहिचान र क्षमता विकासमा जोड दिइनेछ ।
- **हरेक बालबालिकालाई सुरक्षित, खुसी र सिकाइमैत्री विद्यालय"** को अवधारणा अनुरूप विद्यार्थीहरूमा आत्मविश्वास, नेतृत्व र जीवनोपयोगी सीपको विकास गरिनेछ । सिकाइ उपलब्धि सुधार्न निरन्तर मूल्याङ्कन र सुधारात्मक शिक्षण लागू गर्नुका साथै विद्यालयहरूमा ध्यान, योग, नैतिकता, अनुशासन र सकारात्मक जीवनशैलीका कार्यक्रमहरू विस्तार गरिनेछ । विद्यालयहरूबीच स्वस्थ शैक्षिक प्रतिस्पर्धा र उत्कृष्ट अभ्यास आदानप्रदानलाई प्रोत्साहन गरिनेछ।
- शिक्षकहरूलाई परिवर्तनका संवाहक मान्दै सिर्जनशीलता, अनुसन्धान र नवप्रवर्तनशील सोच जगाउन पेसागत विकास तथा नवीनतम् अभ्यासमा आधारित तालिमहरू सञ्चालन गरिनेछ । विशेष गरी कक्षा १-३ को एकीकृत पाठ्यक्रमका लागि विषयगत तालिम प्रदान गरिनेछ । साथै, शिक्षा सुधारलाई सामूहिक अभियान बनाउन **"जनप्रतिनिधिहरुसँग शिक्षा" र "उपाध्यक्षसँग शिक्षक"** कार्यक्रम मार्फत जनप्रतिनिधि, विद्यालय, शिक्षक, अभिभावक र समुदायबीच निरन्तर शैक्षिक संवाद तथा उत्तरदायित्व प्रणालीको विकास गरिनेछ ।

## ३. लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा संस्कृति जगेर्ना

- ज्येष्ठ नागरिकहरूलाई समाजको अमूल्य ज्ञान, सीप र अनुभवका जीवित स्रोतका रूपमा सम्मान गर्दै **"ज्येष्ठ नागरिक सम्मान, अन्तरपुस्ता संवाद तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गरिनेछ। यसका साथै ज्येष्ठ नागरिकहरूको सहजताका लागि सामाजिक सुरक्षा भत्ताको वडागत रूपमा प्रभावकारी र पारदर्शी वितरण प्रणालीलाई निरन्तरता दिइनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता प्रणालीलाई पूर्ण रूपमा प्रविधिमैत्री र सुदृढ बनाउन अनलाइन प्रणालीलाई थप परिष्कृत गरिनेछ। राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता नवीकरण लगायतका डिजिटल सेवा प्रवाहलाई गाउँ-गाउँमा विस्तार गर्न आवश्यक आधुनिक उपकरण तथा  आईरिस डिभाईस **(IRIS Device) को व्यवस्थापन** गरी नागरिकमैत्री एवं झन्झटरहित सेवा प्रणालीको विकास गरिनेछ। यसका लागि पालिकाव्यापी रूपमा विशेष **'घटना दर्ता सप्ताह'** सञ्चालन गरी नागरिकहरूलाई घरदैलोमै सहज सेवा उपलब्ध गराइनेछ।
- आर्थिक रूपमा कमजोर, सीमान्तकृत, एकल, अपाङ्गता भएका तथा जोखिममा रहेका महिलाहरूको आर्थिक स्वावलम्बनका लागि **“उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान कार्यक्रम”** सञ्चालन गरिनेछ। यस अन्तर्गत महिलाहरूलाई बजार सुहाउँदो सीप विकास, उद्यमशीलता प्रवर्द्धन, लघु व्यवसाय सञ्चालनका लागि प्रविधि, उपकरण हस्तान्तरण तथा स्वरोजगार सिर्जनाका माध्यमबाट आर्थिक रूपमा पूर्ण आत्मनिर्भर बनाइनेछ।
- वडा तहदेखि नै महिलाहरूको आत्मविश्वास, नेतृत्व कला, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा सामाजिक-आर्थिक सशक्तीकरण अभिवृद्धि गर्न विशेष प्रेरणामूलक तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ। लैङ्गिक समानता तथा सामाजिक रूपान्तरणलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय नारी दिवस, तीज विशेष तथा अन्य चेतनामूलक महिला सशक्तीकरणका कार्यक्रमहरूलाई भव्य रूपमा आयोजना गरिनेछ।
- बालविवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा समाजमा विद्यमान सबै प्रकारका कुप्रथा र विभेदविरुद्ध समुदाय स्तरमा निरन्तर सचेतना, पैरवी तथा व्यापक सामाजिक अभियान सञ्चालन गरिनेछ। जातीय भेदभाव, छुवाछूत र कुप्रथाहरू मुक्त समतामूलक समाज निर्माणका लागि पालिकाव्यापी रूपमा **व्यापक सामाजिक जागरण अभियान** चलाइनेछ। दलित समुदायका लागि चेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- अभिभावकविहीन, जोखिममा रहेका तथा आर्थिक रूपमा विपन्न अनाथ बालबालिकाको सुखद भविष्यका लागि **“उपाध्यक्षसँग अनाथ तथा असहाय शिशु–बालबालिका आर्थिक सहायता कार्यक्रम”** सञ्चालन गरिनेछ।

- बालबालिकाको अधिकार, सुरक्षा र सम्मानपूर्ण जीवनयापन सुनिश्चित गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग संस्थागत सहकार्य र संरक्षणका रणनीतिहरू कार्यान्वयन गर्दै विहादीलाई बालमैत्री स्थानीय शासनको अवधारणा अनुरूप अगाडि बढाइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापन, सार्वजनिक स्थलहरूमा सहज पहुँच र नीति निर्माणमा सहभागिता अभिवृद्धिका लागि **“अपाङ्ग सहायता कार्यक्रम”** लाई थप प्रभावकारी बनाइनेछ। यस अन्तर्गत ह्विलचियर, सेतो छडी, श्रवण यन्त्र लगायतका आवश्यक सहायक सामग्रीहरू र जीविकोपार्जनका विशेष सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विहादीको गौरवका रूपमा रहेका धार्मिक, सांस्कृतिक, विभिन्न रैथाने पर्व र संस्कारहरूको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। विशेष गरी प्राचीन कालदेखि कालीगण्डकी सभ्यतासँग जोडिएका आदिवासी, जनजाति र सीमान्तकृत समुदायहरू जस्तै: **माझी, बोटे र कुमाल** समुदायको सांस्कृतिक ऐतिहासिकता संरक्षणमा विशेष बजेटको व्यवस्था गरिनेछ । आदिवासी जनजातिको रैथाने कला, रैथाने भाषा र लोक संस्कृतिको जगेर्नाका लागि विविध महोत्सव तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- हाम्रो परम्परागत मौलिक सांस्कृतिक पहिचान जगेर्नाका लागि स्थानीय सांस्कृतिक समूहहरूलाई **पञ्चेबाजा खरिद तथा मर्मतसम्भार**मा आर्थिक सहयोग गरिनेछ। यसका साथै वास्तुकला, चित्रकला र हस्तकलाको क्षेत्रमा सहभागी भई विहादीको नाम राख्ने स्थानीय प्रतिभाहरूलाई पहिचान गरी विशेष प्रोत्साहन र पुरस्कार प्रदान गरिनेछ ।

## ४. सञ्चार तथा पारदर्शिता

- श्रमजीवी पत्रकार र स्थानीय सञ्चार माध्यमहरूलाई मर्यादित, व्यावसायिक र व्यवस्थित बनाउन सरोकारवालाहरूसँग समन्वय गरी आवश्यक पहल गरिनेछ। गाउँपालिकाका सूचना, लोककल्याणकारी सञ्चार र प्रवर्द्धनका लागि स्थानीय रेडियो तथा सञ्चार माध्यमहरूलाई प्रोत्साहन स्वरूप विशेष अनुदान र साझेदारीको व्यवस्था गरिनेछ।
- गाउँपालिकालाई पूर्ण रूपमा सूचनामैत्री, पारदर्शी र जबाफदेही बनाउने उद्देश्यले नागरिकहरूको **सूचनाको हक (Right to Information)** को पूर्ण सम्मान गर्दै डिजिटल सुशासन प्रणालीलाई संस्थागत गरिनेछ।

## ग) पूर्वाधार विकास

### १. भवन, सडक, पुल तथा यातायात पूर्वाधार

- हाल सञ्चालनमा रहेका सडकहरूको तोकिएको मापदण्ड कायम राख्दै नियमित मर्मतसम्भार र स्तरोन्नति गरिनेछ । पालिकाको व्यवस्थित र सर्वाङ्गिण विकासका लागि आवधिक योजना, मध्यकालीन खर्च संरचना र आयोजना बैंक लाई प्रभावकारी रूपमा लागू गरिनेछ । पालिकाको आय र जनजीवनमा दूरगामी प्रभाव पार्ने ठूला आयोजनाहरूको रणनीतिक अनुगमन गरी कार्यमा तीव्रता ल्याइनेछ ।
- रणनीतिक सडक सञ्जाल अन्तर्गत वडा नं. १ मा बच्छेश्वर देखि भेडाबारी सडक निर्माण कार्यलाई द्रुत गतिमा थालनी गरिनेछ । साथै, गैरावारी देखि तिवारीडाँडा जाने सडक र लौके डुड खोला देखि रिठाबोट सडक निर्माण आयोजनालाई विशेष प्राथमिकताका साथ यसै वर्ष अगाडि बढाइनेछ ।
- वर्षायाममा सडक सञ्जाललाई व्यवस्थित, सुचारु र सुरक्षित राख्नका लागि वर्खायाममा निरन्तर सडक सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक सम्पत्तिको दीगो उपयोग सुनिश्चित गर्न सडक, भवन, खानेपानी तथा अन्य पूर्वाधारहरूको नियमित मर्मतसम्भार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- पवित्र शिला शालिग्राम दर्शनको सहजताका लागि पर्वत, गुल्मी र स्याङ्जा जिल्लालाई जोड्ने, विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न भइसकेको ऐतिहासिक तीनमुखे पुल निर्माण कार्य सुरु गर्न सङ्घीय र प्रदेश सरकारसँग सशक्त एवं रणनीतिक पहल गरिनेछ ।
- सुरक्षित, व्यवस्थित तथा वातावरणमैत्री पूर्वाधार विकासका प्रचलित मापदण्डको प्रभावकारी कार्यान्वयन गरिने छ ।

### २. खानेपानी, सरसफाइ तथा सिँचाइ पूर्वाधार

- रानीपानी र बर्राचौरको कृषि भूमिलाई हराभरा बनाउन **'कालीगण्डकी वृहत् लिफ्टिङ सिँचाइ आयोजना'** को निर्माण कार्यलाई यस बर्ष सुरुवात गरिनेछ ।
- **"एक घर, एक धारा"** को गौरवमय संकल्प पूरा गर्न लिफ्टिङ खानेपानी आयोजनाहरुको निर्माण कार्यलाई पूर्णता दिई सम्पन्न गरिनेछ । विहादी गाउँपालिकामा सञ्चालित लिफ्टिङ खानेपानी प्रणालीको प्रभावकारी सञ्चालनका लागि विद्युत् महसुलमा सहुलियत प्रदान गर्दै नियमित मर्मत-सम्भार गरिनेछ । जीर्ण र पुराना खानेपानी आयोजनाहरूको जीर्णोद्धार गरी यसै वर्षभित्र प्रत्येक नागरिकको घरमा शुद्ध खानेपानी पुऱ्याइनेछ ।

- खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी एकीकृत गुरुयोजना **(WASH Plan)** लाई प्रभावकारी रूपमा लागू गरिनेछ। नागरिकले पिउने पानीको शुद्धता र गुणस्तर सुनिश्चित गर्न पालिकामा **Water Test Kit र Field Kit** को प्रयोग गरी नियमित पानी परीक्षण र अनुगमन प्रणाली सुदृढ बनाइँदै नागरिकहरूलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ।

**३. पर्यटन पूर्वाधार तथा सांस्कृतिक सम्पदा**

- **सेतीवेणी पर्यटकीय पूर्वाधार निर्माण** र कालीगण्डकी घाट व्यवस्थापनमा विशेष ध्यान दिइनेछ। सांस्कृतिक पहिचानका रूपमा रहेका प्राचीन मन्दिरहरूको सौन्दर्यीकरण तथा संरचनागत निर्माण कार्य अगाडि बढाइनेछ।
- ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन र आन्तरिक तथा बाह्य पर्यटकहरूलाई रैथाने संस्कृति र स्वादसँग जोड्न "एक वडा, एक होमस्टे" कार्यक्रमको लागि पहल गरिनेछ। पर्यटकीय क्षेत्रहरूको परिचय र ऐतिहासिक चिनारी समेटिएको डिजिटल तथा मुद्रित पर्यटन पुस्तक र प्रचार सामग्री निर्माण गरी वितरण गरिनेछ।
- विहादीको पर्यटनलाई साहसिक आकाशसँग जोड्न र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्न **प्याराग्लाइडिङ क्षेत्रको पूर्वाधार विकास** र व्यावसायिक उडानका लागि विशेष पहल गरिनेछ।
- विहादीको सर्वाङ्गीण विकासका लागि गोर्लेङधाम पुग्ने पदमार्ग लगायतका अन्य पर्यटकीय पदमार्गहरू र पिस पार्क निर्माण गर्ने, पखराचौर-बिरुबारी सडक, विहादी-महाशिला सडक, ठाटी-केवरे सडक र लौके-चिहानडाँडा सडक जस्ता रणनीतिक सडक सञ्जालको स्तरोन्नति गर्ने, कृषि उत्पादन वृद्धिका लागि वर्षाराग आपलाय सिँचाइ तथा बिरुबारी भूमिगत सिँचाइ लगायतका अन्य सिचाँई आयोजनाहरूलाई अगाडि बढाउने र शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयहरूको भौतिक एवं प्राज्ञिक स्तरोन्नति गर्ने कार्यको लागि सङ्घीय र प्रदेश सरकारसँग व्यापक साझेदारी, बजेट व्यवस्थापन एवं निरन्तर समन्वयको ठोस पहल गरिनेछ।

**४. ऊर्जा र विद्युतीकरण**

- पैंयु क्षेत्र ग्रामीण सामुदायिक विद्युत् अवरोधलाई अन्त्य गर्दै सेवालाई नियमित, भरपर्दो र उच्च भोल्टेजयुक्त बनाउन पहल गरिनेछ।
- नागरिकको जीउज्यानको सुरक्षाका लागि पालिकाभित्र रहेका पुराना, जीर्ण काठका पोलहरू र असुरक्षित तारहरूको द्रुत गतिमा मर्मतसम्भार तथा विस्थापन गरी फलामे वा कङ्क्रिट पोलहरू जडान गरिनेछ।

## घ) वातावरण, जलवायु तथा विपद् व्यवस्थापन

- गाउँपालिकाभरि सञ्चालित योजनाहरूको वास्तविक गुणस्तर सुनिश्चित गर्न विस्तृत लागत अनुमान (Estimate), डिजाइन, नियमित अनुगमन तथा गुणस्तर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ। प्राविधिक कार्यको सहजता, शुद्धता र कार्यस्थलमै तत्काल नतिजाका लागि आधुनिक फिल्ड-किट (Field Kit) हरू खरिद गरिनेछ। उपभोक्ता समिति, निर्माण व्यवसायी, कर्मचारी तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट निर्माण कार्यको गुणस्तरमा आशातीत सुधार आउनेछ।
- कृषकहरूलाई ठुलो राहत पुऱ्याउन, वन संरक्षणमा सन्तुलन कायम गर्न र स्थानीय स्रोतको उपयोगमा प्रभावकारिता ल्याउन **बाँदर नियन्त्रणका वैज्ञानिक उपायहरू** अनुसन्धान गरिनेछ। वनको दिगो उपयोग र आयआर्जनका लागि कुकाठ फँडानी तथा त्यसको उत्पादक र रचनात्मक सदुपयोगका लागि निजी क्षेत्र र वन उपभोक्ता समितिहरूसँग विशेष साझेदारीको नीति लिइनेछ।
- विपद्को समयमा तत्काल राहत, उद्धार र प्रतिकार्यका लागि **विपद् व्यवस्थापन कोष**लाई थप सुदृढ बनाइनेछ। प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका क्षेत्रहरूको वैज्ञानिक नक्साङ्कन गरी जोखिमयुक्त बस्तीहरूको संरक्षण, पहिरो नियन्त्रण र अति संवेदनशील क्षेत्रमा रहेका नागरिकहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण (पुनर्वास) का लागि आवश्यक पहल गरिनेछ।
- विपद् जोखिम न्यूनीकरणलाई विशेष प्राथमिकतामा राखी बाढी, पहिरो तथा भू-क्षय नियन्त्रणका लागि **बायो-इन्जिनियरिङ (Bio-Engineering)** प्रविधिसहितका संरचनाहरू निर्माणको लागी पहल गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- गाउँपालिकाभित्रका सार्वजनिक स्थान, जग्गा तथा प्राकृतिक सम्पत्तिहरूको पहिचान गरी तथ्याङ्क सङ्कलन, संरक्षण र व्यवस्थित प्रयोगमा ध्यान दिइनेछ। नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को उत्खनन, सङ्कलन र बिक्री वितरणलाई प्रचलित कानुन बमोजिम वातावरणमा असर नपर्ने गरी व्यवस्थित गरिनेछ भने निजी जग्गाबाट उत्पादित निर्माण सामग्रीको ढुवानी र वितरणलाई समेत नियमन गरिनेछ।
- समुदायमा वातावरणीय सचेतना अभिवृद्धि गर्न जैविक विविधता, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो उपयोग सम्बन्धी सघन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

- स्थानीय तहमा जलवायु उत्थानशीलता बढाउन जलवायु अनुकूलन सम्बन्धी योजना निर्माण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। पालिकाभित्र सञ्चालित तथा सञ्चालन हुने विभिन्न पूर्वाधार आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) रिपोर्टहरूको आवश्यकता अनुसार समयसापेक्ष संशोधन र परिमार्जन गरिनेछ।
- विहादी गाउँपालिकाभरि सञ्चालित योजनाहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नवप्रवर्तनशील प्रविधिको प्रयोग गरी प्रभावकारी बनाइनेछ। सार्वजनिक सेवालाई पूर्ण रूपमा नागरिकमैत्री, पारदर्शी तथा जवाफदेही बनाउन र सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने अनुभूति दिलाउन सबै वडाहरूमा एकीकृत घुम्ती सम्झौता तथा सेवा सञ्चालन गरिनेछ, जसबाट दूरदराजका नागरिकहरूले आफ्नै पायक पर्ने स्थानमा प्रशासनिक र प्राविधिक सेवा प्राप्त गर्न सक्नेछन्।

## ङ) सुशासन, सार्वजनिक सेवा तथा संस्थागत विकास

- गाउँपालिकाको समग्र आर्थिक-सामाजिक विवरणलाई एकीकृत गरी समेटिएको डिजिटल भिलेज प्रोफाइल (Digital Village Profile) लाई नियमित रूपमा अद्यावधिक गरिनेछ।
- गाउँकार्यपालिकाको कार्यालय र मातहतका वडाहरूमा क्रमशः डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter) जडान गरी सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा कागजविहीन र प्रविधिमैत्री बनाइनेछ।
- नागरिकहरूको सूचना पाउने अधिकारको सम्मान गर्दै पालिकाको आधिकारिक वेबसाइट, फेसबुक र पेज मार्फत सबै सूचनाहरू पारदर्शी रूपमा प्रवाह गरिनेछ, जसमा स्थानीय सञ्चार माध्यमहरूलाई अभिन्न साझेदार बनाइनेछ।
- कार्यसम्पादनलाई चुस्त र जनमैत्री राख्न राष्ट्रसेवक कर्मचारी र पदाधिकारीहरूको पारिश्रमिक, पोसाक, स्थानीय भत्ता र प्रोत्साहन भत्ताको न्यायोचित व्यवस्थापन गरिएको छ। कर्मचारीहरूको क्षमता र मनोबल बढाउन कर्मचारी प्रोत्साहन, सामाजिक सुरक्षा कोष र कर्मचारी कल्याण कोषलाई निरन्तरता दिइनेछ। प्रत्येक कर्मचारी र शिक्षकको कार्यव्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन विशेष अनुगमन सूचकहरू लागू गरिनेछ।

**आदरणीय सभा सदस्यज्यूहरू,**

- नागरिक र सरकारबीचको सम्बन्धलाई जीवन्त बनाउन **"जनतासँग गाउँपालिका अध्यक्ष"** कार्यक्रमलाई थप प्रभावकारी र योजनाबद्ध रूपमा सञ्चालन गरिनेछ। प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, लैङ्गिक परीक्षण र लैङ्गिक रणनीति तर्जुमा गरी सेवाग्राहीबाट प्राप्त रचनात्मक सुझाव र गुनासोहरूको सङ्कलन एवं वस्तुनिष्ठ व्यवस्थापन गरिनेछ।
- **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (LGPAS)** प्रणालीलाई अझ सुदृढ र व्यवस्थित गरिनेछ। गाउँपालिकाले जबाफदेहिता, पारदर्शिता, जनसहभागिता, गुणस्तर र स्वच्छतामुखी नीतिलाई आफ्नो मूल मन्त्र मान्नेछ ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरू सञ्चालनका लागि आवश्यक सूचना प्रविधि (IT), सवारी साधन, मेसिनरी, सञ्चार, कार्यालय सामग्री, सरसफाइ, परामर्श र प्रशासनिक तालिम खर्च समयमै व्यवस्था गरी गुणस्तरीय सेवा सुनिश्चित गरिनेछ। योजनाहरूको गुणस्तर सुनिश्चित गर्न अनुगमन मूल्याङ्कन, बजार अनुगमन र सार्वजनिक सुनुवाइका लागि आवश्यक आर्थिक स्रोतको पारदर्शी प्रवाह गरिनेछ।
- भूमि प्रशासन र नापी सम्बन्धी सेवाका लागि सदरमुकाम जानुपर्ने अवस्था अन्त्य गरि गाउँपालिकाभित्रको जग्गा नामसारी, कित्ताकाट लगायतका जग्गाप्रशासन सम्बन्धी कार्य सम्पादन गर्न र व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर (PAN) दर्ता, विवरण हेरफेर लगायतका सेवा गाउँपालिकाबाटै प्रदान गर्नका लागि आवश्यक व्यवस्थापन गरिनेछ, साथै गाउँपालिका क्षेत्रको शान्ति, सुरक्षा तथा अन्य व्यवस्थापन लागि नगर प्रहरीको व्यवस्थाको लागि पहल गरिनेछ।
- ई-गभर्नेन्स प्रणालीको प्रभावकारी प्रयोग सुनिश्चित गरिनेछ, योजना तथा कार्यक्रम सञ्चालन, राजश्व व्यवस्थापन, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र, व्यवसाय दर्ता तथा नविकरण जस्ता सेवाहरुलाई सूचना प्रविधिको प्रयोग मार्फत थप व्यवस्थित गरिनेछ ।

## च) कर, राजस्व तथा आन्तरिक स्रोत परिचालन

- फजुल खर्चहरूलाई पूर्ण रूपमा नियन्त्रण गरी पालिकामा कडा वित्तीय सुशासन कायम गरिनेछ। आन्तरिक वित्तीय अनुशासनलाई मजबुत बनाउन बेरुजुलाई न्यूनतम विन्दुमा झारिनेछ र पुराना बाँकी बक्यौता तथा फिर्ता दाखिला गर्न बाँकी रहेका अनुदानहरूको वैज्ञानिक फरफारक गरिनेछ ।
- विहादीलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन करको दरमा नागरिकलाई भार नपर्ने गरी करको दायरा विस्तार र नयाँ राजस्वका क्षेत्रहरू पहिचान गरिनेछ ।

- कर तथा राजस्व सङ्कलन प्रणालीलाई सरल, झन्झटरहित र प्रविधिमैत्री बनाउन 'अनलाइन कर भुक्तानी प्रणाली' को व्यवस्था गरिनेछ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक, विशेष र ससर्त अनुदानहरूको अधिकतम र प्रभावकारी प्रयोग गर्दै पालिकाको आन्तरिक आय बढाउने र वित्तीय आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन प्रयास गरिनेछ।

**छ) न्याय सम्पादन**

- गाउँ-गाउँमा देवानी तथा स्थानीय विवादहरूलाई मेलमिलापको माध्यमबाटै टुङ्ग्याई सामाजिक सौहार्दता कायम गर्न वडा स्तरमा रहेका मेलमिलाप केन्द्रहरूको भौतिक तथा संस्थागत स्तरोन्नति गरिनेछ।
- सबै वडाहरूमा दर्ता हुने विवादहरूको कानुनी अभिलेखीकरण, आवश्यक अनुसन्धान र वस्तुनिष्ठ प्रतिवेदन तयार गरिनेछ। मेलमिलाप प्रक्रियालाई निष्पक्ष र प्रभावकारी बनाउन न्यायिक समितिबाट निरन्तर अनुगमन गरिनेछ भने विवाद समाधानमा अहोरात्र खटिने मेलमिलापकर्ताहरूलाई प्रोत्साहन स्वरूप उचित पारिश्रमिक र सुविधाको प्रबन्ध मिलाइनेछ।
- विद्यालय उमेरदेखि नै कानुन, अधिकार र कर्तव्यप्रति सजग बनाउन विद्यार्थीहरूलाई न्यायिक समितिको कार्यप्रणालीसँग परिचित गराइनेछ र विद्यालयहरूमा 'न्यायिक कार्यक्रमको समीक्षा तथा विद्यार्थी सचेतना' कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, दलित, सीमान्तकृत र विपन्न समुदायका नागरिकहरूका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्न वडा-वडामा निःशुल्क कानुनी परामर्श तथा सचेतना सम्बन्धी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। **"सक्षम न्यायिक समिति, स्वच्छ न्याय सम्पादन"** भन्ने नारालाई साकार पार्न न्यायिक समिति र मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिमको निरन्तर व्यवस्था गरिनेछ।

**आदरणीय सभा-उपाध्यक्ष एवं सभा सदस्यज्यूहरू,**

प्रस्तुत गरिएका यी विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरू केवल योजनाका शुष्क पुलिन्दा मात्र होइनन्, बल्कि हाम्रो कार्यकालको यस अन्तिम वर्षलाई विहादीको इतिहासमै एउटा **"स्वर्ण रूपान्तरणको वर्ष"** बनाउने हाम्रो बलियो, जीवन्त र दूरगामी संकल्प हुन।

विहादीको पावन माटोको सुवास, यहाँका पसिना बगाउने कर्मशील कृषक, आदरणीय महिला, ऊर्जावान् युवा, देशको सुखद भविष्य बोकेका बालबालिका र आशिष्का खानी पूजनीय ज्येष्ठ नागरिकहरूको पवित्र भावना र सपना समेटिएको यस गरिमामय नीतिले **"समुन्नत विहादी, सम्मानित विहादीवासी"** को हाम्रो सुन्दर र साझा सपनालाई पूर्ण रूपमा साकार पार्नेछ भन्ने मलाई दृढ एवं अटल विश्वास छ। विगतका कार्यपालिका बैठकहरू र गौरवमय गाउँसभाहरूमा यहाँहरूले प्रदर्शन गर्नुभएको अभूतपूर्व एकता, आपसी समन्वय, घनिभूत समझदारी र सह-अस्तित्वको उच्च लोकतान्त्रिक भावनालाई म पुनः एक पटक आदरपूर्वक स्मरण गर्न चाहन्छु, जसले हामीलाई सधैँ जनमुखी कार्य गर्न ऊर्जा प्रदान गरिरहेको छ ।यस नीति तथा कार्यक्रमको तर्जुमादेखि यसको सफल कार्यान्वयनको महाअभियानमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा अमूल्य सहयोग, रचनात्मक सुझाव र मार्गनिर्देशन पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय बुद्धिजीवी, प्रबुद्ध वर्ग, अहोरात्र खटिने निष्ठावान् राष्ट्रसेवक कर्मचारी, शान्ति सुरक्षामा समर्पित सुरक्षाकर्मी, समाजको ऐनाका रूपमा रहेका पत्रकार मित्रहरू एवं सम्पूर्ण विहादीवासी आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हृदयको गहिराइदेखि नै हार्दिक आभार तथा नमन व्यक्त गर्दछु। तपाईंहरूको अमूल्य सहयोग, अटुट विश्वास र बलियो समर्थन बिना विहादीको यो गौरवमय यात्रा र उपलब्धि सम्भव थिएन। आगामी सुनौला दिनहरूमा पनि विहादीको चौतर्फी समृद्धिका लागि तपाईंहरू सबैको यो साथ, सहकार्य र आत्मीय सहयोग निरन्तर रहनेछ भन्ने पूर्ण अपेक्षा राखेको छु, भन्दै नीति तथा कार्यक्रमको अंश टुंग्याउन चाहन्छू ।

परविन गुरुङ
अध्यक्ष, बिहादी गाँउपालिका